# पथरी शनिश्चरे नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## पथरी, मोरङ
१ नं. प्रदेश, नेपाल

०२१-५५५२१२
५५६११२
५५६११३
५५५२९९ फ्या


प.सं. २०७७/०७८
च.नं.

**सेवा करारमा कर्मचारी लिने सम्बन्धी सूचना ।**

प्रथम पटक प्रकाशित मिति २०७७।०८।२२

पथरी शनिश्चरे नगरकार्यपालिकाको कार्यालय अन्तरगत संचालित पथरी नगर अस्पतालको लागि देहाय बमोजिमका कर्मचारीहरु सेवा करारमा लिनुपर्ने भएकोले योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र कार्यालय समयमा राजश्व तिरेको रसिद सहित तोकिएका सम्पूर्ण कागजात संलग्न गरी दरखास्त पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| बिज्ञापन नं | पद र तह | संख्या | परीक्षा दस्तुर | कैफियत |
|---|---|---|---|---|
| २/०७७-०७८ | मेडिकल अधिकृत (आठौं) | १ जना | रु. १००० | |
| ३/०७७-०७८ | रेडियोग्राफर (पाँचौं) | १ जना | रु. ५०० | |
| ४/०७७-०७८ | फार्मेसी सहायक (पाँचौं) | १ जना | रु. ५०० | |
| ५/०७७-०७८ | सहलेखापाल (चौथो) | १ जना | रु. ५०० | अस्पतालको आन्तरिक आयबाट तलव भत्ता ब्यवस्थापन हुनेगरी |

**परिक्षाको किसिमः** लिखित तथा अन्तरवार्ता ।

**परिक्षा केन्द्र तथा मितिः** परिक्षा केन्द्र, मिति तथा समय पछि प्रकाशित गरिनेछ ।

**आवश्यक न्यूनतम शैक्षिक योग्यताः**

**क) मेडिकल अधिकृत पदको लागिः** लोक सेवा आयोगले लिने मेडिकल अधिकृत पदको लागि निर्धारण गरेको न्यूनतम शैक्षिक योग्यता वा नेपाल सरकारद्वारा मान्यता प्राप्त शिक्षण संस्थाबाट MBBS वा सो सरहको योग्यता प्राप्त गरी NMC को प्रमाणपत्र प्राप्त गरेको ।

**ख) रेडियोग्राफर पदको लागिः** नेपाल सरकारद्वारा मान्यता प्राप्त शिक्षण संस्थाबाट रेडियोग्राफी बिषयमा प्रमाण-पत्र तह सरहको योग्यता प्राप्त ।

**ग) फार्मेसी सहायक पदको लागिः** नेपाल सरकारद्वारा मान्यता प्राप्त शिक्षण संस्थाबाट फार्मेसी बिषयमा प्रमाण-पत्र तह सरहको योग्यता प्राप्त ।

**घ) सहलेखापाल पदको लागिः** मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी. उत्तीर्ण वव एस.ई.ई मा कम्तीमा सी ग्रेड प्राप्त गरेको ।

**उमेरहदः** १८ वर्ष पुराभई ४० वर्ष ननाघेको हुनुपर्नेछ ।

**दरखास्त दिने अन्तिम मितिः** २०७७।८।२८ गते कार्यालय समय भित्र र सो दिन सार्वजनिक विदा भए सोको भोलिपल्ट कार्यालय समय भित्र ।

**तलब स्केल तथा अन्य सुविधाः** सेवा करार बमोजिम हुनेछ ।

**दरखास्त फारम पाउने तथा बुझाउने स्थानः** पथरी शनिश्चरे नगरकार्यपालिकाको कार्यालय

अम्बिका प्रसाद घिमिरे
प्रमुख प्रशासकीय अधिकृत
उप-सचिव

पथरी शनिश्चरे नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पथरी, मोरङ
०२१-५५५२१२
५५६११२
५५६११३
५५५२९६ फ्याक्स
१ नं. प्रदेश, नेपाल

प.सं. २०७७/०७८
च.नं.

## उद्यम विकास सहजकर्ता करारमा पदपुर्ति सम्बन्धी सूचना ।

प्रथम पटक प्रकाशित मिति २०७७।०८।२२

यस नगरपालिकामा चालु आ.व. २०७७/०७८ मा गरिबी निवारणका लागि लघु उद्यम विकास (मेड्पा) कार्यक्रम संचालनको लागि गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका, २०७७ को दफा ५ बमोजिम आवश्यक उद्यम विकास सहजकर्ताहरु करारमा पदपुर्ति गर्नुपर्ने भएकोले निम्न बमोजिमको योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र कार्यालय समयमा राजश्व तिरेको रसिद सहित तोकिएका सम्पूर्ण कागजात संलग्न गरी दरखास्त पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| विज्ञापन नं | पद र तह | माग पद संख्या | परीक्षा दस्तुर | कैफियत |
|---|---|---|---|---|
| ६/०७७-०७८ | वरिष्ठ उद्यम विकास सहजकर्ता (पाँचौं तह) | १ जना | रु. ५०० | पाँचौ तहका लागि कुनै निवेदन पेश हुन नआएमा दुवैजना चौथो तहको सहजकर्ता राख्न सकिने छ । |
| ६/०७७-०७८ | उद्यम विकास सहजकर्ता (चौथो तह) | १ जना | रु. ५०० | |

**परिक्षाको किसिमः** लिखित तथा अन्तरवार्ता ।

**परिक्षा केन्द्र तथा मितिः** परिक्षा केन्द्र, मिति तथा समय पछि प्रकाशित गरिनेछ ।

**आवश्यक न्यूनतम शैक्षिक योग्यताः**

क) **वरिष्ठ उद्यम विकास सहजकर्ता पदको लागिः** CTEVT बाट मान्यता प्राप्त उद्यम विकास सहजकर्ता सम्बन्धी डिप्लोमा कोर्ष उत्तीर्ण गरेको वा CTEVT बाट उद्यम विकास सहजकर्ता सीप परिक्षण तह २ वा ३ उत्तीर्ण गरेको

ख) **उद्यम विकास सहजकर्ता पदको लागिः लागिः** CTEVT बाट मान्यता प्राप्त उद्यम विकास सहजकर्ता सम्बन्धी प्राविधिक प्रवेशिका परिक्षा (टिएसएलसी) उत्तीर्ण गरेको ।

**उमेरहदः** १८ वर्ष पुराभई ४० वर्ष ननाघेको हुनुपर्नेछ ।

**दरखास्त दिने अन्तिम मितिः** २०७७।८।२८ गते कार्यालय समय भित्र र सो दिन सार्वजनिक विदा भए सोको भोलिपल्ट कार्यालय समय भित्र ।

**तलब स्केल तथा अन्य सुविधाः** सेवा करार बमोजिम हुनेछ ।

**दरखास्त फारम पाउने तथा बुझाउने स्थानः** पथरी शनिश्चरे नगरकार्यपालिकाको कार्यालय

**सम्पादन गर्नुपर्ने कामको विवरणः** गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका, २०७७ को अनुसुची १ बमोजिम हुनेछ ।

**नोटः** नेपाल सरकारले स्थापना गरेको श्रम सूचना बैंकमा सूचिकृत भएका उद्यम विकास सहजकर्तालाई प्राथमिकता दिइने छ ।